# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, साउन १० गते २०५३ साल (अतिरिक्ताङ्क २३


## भाग ३

## निर्वाचन आयोगको सूचना

### मतदाता परिचयपत्रसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५३

मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "मतदाता परिचयपत्रसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ को नियम ७ मा संशोधनः मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः-

"७. मतदाता परिचयपत्र उपलब्ध गराउनेः (१) ऐनको दफा २३ बमोजिम आयोगले मतदाताहरूलाई मतदाता परिचयपत्र दिने व्यवस्था लागू गरेको निर्वाचन क्षेत्रको मतदाताहरूलाई दिइने मतदाता परिचयपत्रको नम्बरसमेत उल्लेख गरी फाराम नं. १क. बमोजिमको ढाँचामा तयार गरेको मतदाता नामावली आयोगले परिचयपत्र व्यवस्थापन अधिकारीलाई उपलब्ध गराउनेछ ।

२७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइने मतदाता नामावली ऐन तथा मतदाता नामावलीसम्बन्धी नियमावली, २०५२ बमोजिम तयार भएको अन्तिम मतदाता नामावलीको आधारमा तयार गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोगले उपलब्ध गराएको मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरूलाई परिचयपत्र वितरण अधिकारीले मतदाता परिचयपत्र उपलब्ध गराउनेछ ।

(४) नियम १२ बमोजिम मतदाता परिचयपत्रको प्रतिलिपि उपलब्ध गराउने अवस्थाबाहेक मतदाता नामावलीमा नाम समावेश भएका मतदातालाई एक पटक मात्र मतदाता परिचयपत्र उपलब्ध गराइनेछ ।

(५) उपनियम (३) बमोजिमको मतदाता परिचयपत्र आयोगले तोकिदिएको अवधिमा मात्र उपलब्ध गराइनेछ ।"

३. मूल नियमावलीमा फाराम नं. १क थप:– मूल नियमावलीको फाराम नं. १ पछि देहायको फाराम नं. १क थपिएको छ ।

३५८



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं. १क

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

# निर्वाचन आयोग

## मतदाता नामावली

(..........साल चैत्र मसान्तसम्ममा १८ वर्ष पूरा भएका)

जिल्ला: निर्वाचन क्षेत्र नं.: गाउँ विकास समिति । नगरपालिका: वडा नं.:

| क्र. सं. | घर नम्बर | प.सं. | प.क्र. सं. | गाउँ/टोल | मतदाताको विवरण | | | | | मतदाताको पिता/पति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मतदाता प.प.नं. | नाम, थर | लिङ्ग | जन्म मिति | उमेर | नाम, थर | नाता | |
| | | | | | | | | | | | | |

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

248

मुद्रण विभाग, सिंहदरबार

350

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।